

# चौमासिक बाणगङ्गा कृषि बुलेटिन

वर्ष-१ अङ्क-१ श्रावण-कार्तिक-२०७४

## सल्लाहकार/संरक्षक

मंगल प्रसाद थारु
नगर प्रमुख
चक्रपाणी अर्याल
नगर उप प्रमुख
तुल्सीराम मरासिनी
प्र. प्रशासकिय अधिकृत

## सम्पादक मण्डल

कृ. वि. अ. अव्दुल मोकिम खाँ
ले. अ. पवित्रा भुसाल
प्रा. स. देविराम बेल्वासे

## विशेष सहयोगी

प्रा. स. धनिराम आचार्य
ना. प्रा. स. कल्पना पोख्रेल

## प्रिन्टिङ्ग

शिरीष डिजाइनर्स अफसेट प्रेस
चारनम्बर, कपिलवस्तु

## प्रकाशक :

बाणगंगा नगरपालिका
कृषि सेवा शाखा
गजेहडा, कपिलवस्तु
५ नम्बर प्रदेश
नेपाल

## सम्पादकिय

नेपाल बिशिष्ठ हावापानि भएको देश हो । प्रकृतिले नेपाली जनतालाई समृद्ध बन्न धेरै अनुपम उपहारहरु प्रदान गरेको छ । हामिले त्यसलाई कति चिन्दछौ । अनि हित अनुकुल त्यसको उपयोग कति गर्दछौ । यहाँका रैथाने बाली, उवा, फापर, कागुनो, जौ, गहुँ, मकै, कोदो, धान आदिका जाति र प्रजाति विस्तारै हराउँदै जान थालेका छन । त्यसकारण यस्ता खाद्यान्न बालीहरुको महत्व बुझाउने संरक्षण र खेति प्रवर्द्धन गर्ने कार्यमा परिचालिन हुनु पर्दछ । यस लाई विषेश अभियानको रुप दिनु जरुरी छ । झण्डै ६४ प्रतिशत जनताको जिविका कृषि पेशामा आधारित छ । भने ३४ प्रतिशत अर्थतन्त्रमा यसको योगदान रहेको छ । तर्सथ ग्रामिण कृषकहरुको जिवन स्तर उकास्नका लागी यस्ता खाद्यबालीहरुको विविधिकरण गर्न एवंम खेति प्रणालीमा विविधिकरण गर्नु अति आवश्यक छ । आधुनिक खेतिको नाममा अहिले कृषि क्षेत्रमा नराम्रो विकृति फैलिएको छ । त्यसमा समयमै जन सचेतना फैलाउन जरुरी भै सकेको छ । नाफाको निमित्त जथावाभीरुपमा अत्याधिक रसायनिक मल र विषादीको प्रयोगले मावन तथा समस्त प्राणी जगत स्वास्थ्यमा ठुलो खतरा पैदा गरेको छ । विकसित खेतिको नाममा हाम्रा रैथाने र मौलिक प्रजातिका बीउ विजन हरु क्रमश लोप हुदैछन । विउ विजनमा अरुमुलुकको एकाधिकार बन्दैछ । तसर्थ हामिले योजना बद्ध रुपमा मौलिक बीउहरुको संरक्षण गर्ने र जैविक विविधता संरक्षण गदै प्रागारिक खेतिलाई बढावा दिने तर्फ ध्यान आकृष्ठ गर्न तर्फ लाग्नु पर्दछ । नेपालम पढेलेखेका व्यक्तिले कृषि क्षेत्रमा काम गर्न हुदैन भन्ने मान्यता नै जस्तो पाइन्छ । कृषिको काम गर्ने सानोकाम नगर्ने ठुलो भनेर कामको वर्गीकरण गर्ने सामन्ती चलन अझै व्यापक छ । सवै भन्दा पहिले यस्तो मान्यतालाई तोडदै श्रमको सम्मान गर्ने परिपाटीको विकास गर्नु पर्दछ । शिक्षित र युवा जनशक्तिलाई कृषि क्षेत्रमा आर्कषित गर्नु आवश्यक छ । कृषि कर्मिलाइ प्रोत्साहन र सम्मान दिने हिम्मत गर्न सक्नु पर्दछ । अनिमात्र कृषि अर्थतन्त्र फस्टाउन सक्दछ । खाली खोक्रा नारामा मात्र सिमित रहे सम्म कृषि अर्थ तन्त्रबाट देश उभो लाग्ने कुरा कल्पना शिवाय हुन सक्दैन ।भौगोलिक क्षेत्र अनुसार कुन कुन ठाउँमा के के उत्पादन गर्न सकिन्छ भन्ने अध्ययन गर्न विशेषज्ञहरुलाई प्रोत्साहित गर्नु पर्दछ । उनिहरुलाई सरकारी जागिर वा जागिर मात्र होइन कृषि कर्मबाट परिर्वतन गर्न सकिन्छ । भन्ने मान्यताबाट उत्प्रेरित गर्ने निति अक्तियार गर्न राज्यले हिम्मत कस्नु पर्दछ । त्यसका लागी सरकारले आर्थिक श्रोत जुटाउन सक्ने, उत्पादनको बजारिकरण व्यवस्थापन गर्न सक्ने बातावरणको श्रृजना गरिदिनु पर्दछ । प्राथमिक तहको शिक्षाबाटै सोचाइ र मान्यता मा परिर्वतन ल्याउने शिक्षाको निति अक्तियार गरिनु पर्दछ । कृषि क्षेत्र पढेलेखेका र नपढेका दुवैको हो । तर यो क्षेत्र जिविका , आम्दानी र समवृद्धिको माध्यम वन्न सक्दछ भन्नका लागी समाजको चिन्तन र मान्यतामै परिर्वतन ल्याउन आवश्यक छ । यहाँ अलिकति पढे लेखे पछि आफुले हलो कोदालो गर्ने कुरा त परै जावस् हलो कोदालो गदै आएका बावुलाई समेत जोत्न नदिने चलन बढेको छ । खेति किसानी गर्नु भनेको अपहेलित पेशा अपनाइएको सम्झने गरिएको छ । यस मान्यता बुझाई लाई परिर्वतन गर्न उच्च स्तरको शिक्षा हासिल गरेका युवाहरु सामाजिक प्रतिष्ठा भएका व्यक्तिहरु जान्ने सुन्ने हुँ भन्नेहरुले अग्रसर भै दृष्टान्त दिन सक्नु पर्दछ । त्यस पछि यस्तो समस्या क्रकिम रुपले घटदै जान्छ ।नेपाल कृषिमा आधारित सानो सुन्दर र प्राकृतिक सम्पदाको समागम स्थलको रुपमा चिनिएको यो भुमीमा धेरै विकासका सम्भावनाहरु छन । त्यस मध्य कृषि क्षेत्र जसले अर्थतन्त्रकै ठुलो हिस्सा ओगटेको छ । यस क्षेत्रमा सरकारले लगानी तथा प्रचार प्रसारको क्षेत्रमा बिषेश ध्यान दिदै आवश्यक अनुदान र प्रोत्साहन दिन सक्नु पर्दछ तर आज नेपालमा यस क्षेत्रमा अनुसन्धान गर्ने निकायहरु भए पनि प्रभावकारी रुपमा कामलाई अगाडि वढाउन सकिएको छैन । मूख्यत राजनितिक स्थाइत्व, शान्ति सुरक्षा, भएरहित जिवन यापन गर्न सक्ने परिस्थिती स्थापना हुने हो भने पनि अहिले भइरहेको उच्च स्तरको युवा शक्तिको विदेश पलायन रोकिन सक्ने थियो । शान्ति र स्थाइत्व कायम गर्ने , मुलुकमा नै बसेर काम गर्ने बातावरण तयार गर्ने खास गरेर हाम्रा बैज्ञानिकहरुलाइ कृषि क्षेत्रमा लाग्न बिशेष प्रोत्साहित गर्न राज्य स्तरबाटनै पहल गर्नु पर्दछ ।

ग्रामिण क्षेत्रमा बढि लगानि गरेर रोजगारी बृद्धि गर्न सकिन्छ ।कृषि कर्मिहरुलाइ आवश्यक पर्ने बजेटको पहुँचमा बृद्धि , गाउँ गाउँ कृषि सेवा सुविधा अर्थात प्रविधि सम्मको पहुँचको सहजता , सर्वसुलभ, बजार पहुँच,सिंचाइ र आवश्यक सामाग्री सर्वसुलभ उपलव्ध हुने वातावरण सृजना हुन सकेमा विदेशी मोहको पारो झार्न सहज हुने छ । अस्तु

# कृषि प्रसार-

## ५० प्रतिशत अनुदानमा च्याउ बीउ वितरण कार्यक्रम:-

बाणगंगा नगरपालिका कृषि सेवा शाखाको आ.व.२०७४/०७५ को प्रथम चौमासिक कार्यक्रम अनुसार ४०० ग्रामको कन्ये च्याउ १००० प्याकेट पचास प्रतिशत अनुदानमा वितरण गरिएको छ । यस कार्यक्रमले कन्ये च्याउ खेति प्रविधि विस्तार हुनुको साथै पोषणमा सुधार हुने उदेश्य रहेको छ ।

## गहुँ बीउ उत्पादन कार्यक्रम:-

यस कार्यक्रम अन्तरगत बा.न.पा.-५ मा ३ हेक्टर क्षेत्रफलमा उन्नत गहुँ बीउ उत्पादन कार्यक्रम संचालन भएको छ , यसबाट ७.५ मे.टन उन्नत बीउ उत्पादन हुने साथै बीउ प्रतिस्थापन दर बढदै जानुको साथै आय आर्जनमा टेवा पुर्‍याउने छ ।

## ५० प्रतिशत अनुदानमा उन्नत गहुँ विउ वितरण:-

यस कार्यक्रम अन्तरगत ११ मे.टन गहुँ बीउ वितरण भएको साथै ९२ हेक्टर क्षेत्रफलमा उन्नत गहुँको क्षेत्र विस्तार हुनुको साथै थप ५० मे टन गहुँ उत्पादन हुने छ । साथै उन्नत गहुँ तर्फ कृषकहरुको आर्कषण बढने छ ।

## तरकारी नर्सरी स्थापना:-

कृषि प्रसार कार्यक्रम तर्फ ३३ र आलु तथा तरकारी बाली विकास आयोजना तर्फ गरि ४४ वटा तरकारी नर्सरीका लागी आवश्यक विउ वितरण गरिएको छ जसमा काउली, बन्दा, प्याज, खुर्सानी,हजारी, विषादी लगायतका कृषि सामाग्री वितरण गरिएको साथै प्रत्येक वडामा ४ वटाका दरले तरकारी नर्सरी स्थापना भई कृषकहरुले गुणस्तरिय विरुवा प्राप्त गर्ने छ ।

## तरकारी प्याकेज प्रर्दशन:-

यस कार्यक्रम अन्तरगत २२ वटा पर्दशन कार्यक्रम संचालन गरिएको छ । प्रत्येक वडामा २ वटाका दरले संचालन भएको र काउली/बन्दा, हजारी, जैविक मल, विषादी, बोरेक्स कृषि सामाग्री उपलव्ध गराइएको । यस कार्यक्रम बाट १.५ हे तरकारी क्षेत्र विस्तार हुनुका साथै थप २० टन तरकारी उत्पादन हुने तरकारी खेति प्रति कृषकहरु आर्कषित हुने छन ।

## बिषादी सचेतना होडिङ बोर्ड:-

यस कार्यक्रमबाट नगरपालिका का पाँच ठाउँ पिपरा अस्पताल अगाडी, सामुदायिक अस्पताल जाने बाटो, बनगाई,नगरपालिका परिसर, मर्थिमा विषादी सचेतना बोर्ड टाँगिएको जसबाट विषादीको अनावश्यक प्रयोगले मानवमा देखिने असरको बारेमा प्रचार प्रसार हुने साथै क्रमश सुरक्षित प्रयोगमा बृद्धि आउने छ ।

**आ.व. ७४/०७५ को कार्यक्रम तथा बजेट**

| क्र.सं. | कार्यक्रमको नाम | वार्षिक बजेट रु.००० | कै. |
|---|---|---|---|
| १ | कृषि प्रसार कार्यक्रम | १८५०।०० | |
| २ | सहकारी खेती, साना सिँचाई तथा मल बिउ ढुवानी कार्यक्रम | ४२५।०० | |
| ३ | बाली बिकास कार्यक्रम | १५००।०० | |
| ४ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | २७००।०० | |
| ५ | आलु, तरकारी तथा मसलाबाली विकास कार्यक्रम | २०८।०० | |
| ६ | माटो परीक्षण सेवा सुधार | ९४।०० | |
| ७ | बाणगंगा कृषि विकास कार्यक्रम | ३२२३।०० | |
| | | १००००।०० | |

# रोगकीरा व्यवस्थापनका लागि वानस्पतिक विषादिको प्रयोग

देविराम वेल्बासे प्रा.स.

बालीनालीमा लाग्ने रोगकीरा व्यवस्थापनका लागि हाम्रै गाउँघरमा पाईने तितो, पिरो, टर्रो, अमिलो हुने खालका बिभिन्न वनस्पतीहरु जस्तै तितेपाती, वनमारा, सिस्नो, टिम्मुर, बकाईनो, बोभ्फो, खुर्सानी आदिलाई प्रयोग गरी बनाईने विषादिलाई वानस्पतिक विषादि भनिन्छ । रासायनिक विषादिको अत्याधिक प्रयोगले ल्याएको नकारात्मक असरलाई कम गर्न, रासायनिक विषादिको विकल्पको रुपमा यसको प्रयोग गर्न थालिएको हो ।

## १. विभिन्न रोग व्यवस्थापनका लागि वानस्पतिक विषादि

### १.१ ढुसीजन्य रोगका लागि

- अदुवाको धुलो २० ग्राम प्रति लिटर पानीका दरले घोल्ने र १५ दिनको फरकमा ३ चोटि बालीमा प्रयोग गर्ने । यसले खराने रोग, धानको खैरो थोप्ले रोग, आलु र धानको फेद कुहिने रोगको नियन्त्रण गर्न सक्ने पाइएको छ ।
- १ किलो हलेदो र ५ वटा लसुनका पोटी राम्रोसँग पिन्ने, ५ गिलास पानी मिलाएर उमाल्ने अनि सेलाउने । अब त्यसमा गन्धक मिसाएर दुई दिनसम्म छोडीदिने । त्यसपछि मसिनो कपडाले छान्ने । यसरी छानेको भ्फोल आधा गिलासलाई १० लिटर पानीमा मिलाउने र एक दुई हप्ताको फरकमा छर्ने ।
- ५० ग्राम प्याज १ लिटर पानीमा मिलाई मसिनो गरी कुट्ने, अब कपडाले छान्ने र बालीमा छर्कने । यसले वन्दाको थोप्ले रोग, तरकारीबालीको फेद कुहिएर ओइलाउने रोग नियन्त्रण गर्छ ।

### १.२ विषाणु (भाईरस) जन्य रोगका लागि

- एक लिटर पानीमा (वगनवेलियाको पात, ज्यानमारा खुर्सानीको फल) जस्ता वनस्पतीजन्य पदार्थ १ किलो मिलाई पिनेर लेदो बनाउने । बालीको अवस्था हेरी यसको एक भागलाई १० देखि १०० भाग पानीमा मिलाई हरेक १५ दिनमा छर्नाले सो अवधिभर बालीलाई विषाणुको प्रकोपबाट निकै हदसम्म बचाउन सकिन्छ ।
- १० एम.एल दुध १ लिटर पानीमा मिसाएर १५ दिनको फरकमा ३ पटक टमाटर, खुर्सानी, भिण्डी, काँक्रो आदिमा छर्कनाले भाईरसबाट लाग्ने पात खुम्चने रोगको नियन्त्रण गर्छ ।

## २. कीरा नियन्त्रणका लागि वानस्पतिक विषादि

विभिन्न वानस्पतिक विषादिको प्रयोग गरेर तरकारीमा लाग्ने कीराहरुको व्यवस्थापन गर्न सकिन्छ । जसमा केही उदाहरणहरु तल दिइएको छ

- २ किलो अदुवा पिनेर लेदो बनाउने र ३० लिटर पानी राखेर घोल्ने अनि छान्ने । अदुवाको रस पानीमा राम्रोसँग घोलियोस् भन्नाका लागि प्रतिलिटर पानी मिसाएको भ्फोलमा ४ ग्राम. का दरले लुगा धुने सोडा मिसाउनुपर्छ र बालीमा छर्कनुपर्छ । अदुवाबाट तयार गरेको विषादिले गोलभेडाको फलको गवारो चनाको कोसाको गवारो, लाही कीराहरु, थ्रिप्स र सेतो भ्फिगांको नियन्त्रण गर्दछ । एक रोपनीमा एक पटक छर्कन आधा किलो अदुवा चाहिन्छ ।
- नीमको तेल, नीमको बीउको पाउडर, पातको पाउडर आदि रोग कीरा व्यवस्थापनका लागि महत्वपुर्ण पाईएका छन् । नीमबाट बनाईने विषादिहरु पात खाने भ्फुसिलकीरा, खुम्रेकीरा, फट्याङग्रा, फौजीकीरा, लाही, सेतो भ्फिँगा आदिको रोकथामका लागि उपयोगी मानिन्छन् ।
- मसिनो गरी काटिएको १ किलो नीमको पात ५ लिटर पानीमा एक रात भिजाएर छान्ने र १ लिटर भ्फोलमा १ मि. लि. लुगा धुने सोडा मिसाउने । राम्ररी घोलिसकेपछि छर्कने ।ग. लसुनको प्रयोगले गभारो, लाही कीरा, सुलसुलेहरु, आलुको पुतली, वायरवर्म, सेतो भ्फिँगा, प्याजको थ्रिप्स, फौजी कीरा आदि कम भएको पाइएको छ । विशेषगरी लसुनको गन्धको कारण यसको प्रयोग उपयोगी भएको पाइएको छ।
- १०० ग्राम मसिनोसँग काटिएको लसुन २ चम्चा खनिज तेलमा २४ घण्टासम्म भिजाउने । अब १० ग्राम लुगा धुने सोडा र आधा लिटर पानीमा राम्ररी घोलेर छान्ने । छानिसकेपछि भ्फोललाई काँचको भाँडामा अँध्यारो ठाँउ वा फ्रिजमा राख्ने वा तुरुन्तै छर्ने गर्नुपर्दछ । छर्नको लागि १ भाग विषादिमा २० भाग पानी मिसाउनुपर्छ ।
- हलेदोमा कीरा भगाउने वा मार्ने र ढुसीलाई नियन्त्रण गर्ने क्षमता हुन्छ । यसको प्रयोग लाही कीरा, फौजी कीरा, भ्फुसिलकीरा, धानको गवारो, धानको पात बेरुवा र सुलसुले विरुद्व गर्न सकिन्छ ।
- १ किलो हलेदोको धुलो, ३(४ लिटर गाईको मुत्रमा राम्ररी घोल्ने र यसलाई छानेर १५(२० लिटर पानी मिसाउने । त्यसरी बनाईएको प्रति लिटर भ्फोलमा ४ ग्रामका दरले साबुन वा लुगा धुने सोडा मिसाउने र बालीमा छर्कने ।

# तरकारीमा लाग्ने रोगकिरा र बाली बिरुवाको खाद्यतत्वको लागि गितिमल

## गितीमल

बालीनालीका रोगकीरा व्यवस्थापन गर्न गाउँघरमा पाइने विभिन्न तीतो, टर्रो, अमिलो, पिरो स्वाद भएका वनस्पतीहरुसँग अन्य पदार्थ मिसाइ बनाइएको झोललाई वानस्पतिक विषादि वा घरेलु विषादि वा गितीमल भन्ने गरिन्छ । यसलाई झोलमल वा प्राङ्गारिक विषादि पनि भनिन्छ । यसले तरकारीमा लाग्ने धेरै प्रकारका कीरा तथा रोगको नियन्त्रण गर्नुका साथै केही हदसम्म मलको काम गर्छ ।

## गितीमल बनाउने तरिका

गितीमल बनाउन बोझ्रोको पात वा गानो, असुराको मुन्टा, सिस्नु टिमुरको पात र गेडा, सिमली, खिर्रो तितेपाती, तम्बाखु को पात, सयपत्री (हजारी) वनमारा, बकाईनो, नीमको पात, सिस्नु, अङ्गेरी, आरु, गुँरास, पिर्रे झार, मेवाको पात, आँख, धतुरो आदि वनस्पतीहरुको पात र मुन्टा जम्मा गर्नुपर्दछ । यसरी जम्मा गरेको मुन्टा र पातलाई मसिनो (दुई अँगुल लामो) गरी काटेर एउटा प्लाष्टिकको बन्द भाँडामा गँहुत र साबुनको झोलमा डुबाएर राख्दा ३(४ हप्तामा गितीमल तयार हुन्छ ।

## मोटामोटी रुपमा गितीमल बनाउन निम्न सामग्रीहरु प्रयोग गर्न सकिन्छ

५० लिटर साइजको ड्रममा २५० ग्राम साबुन, १५ लिटर गहुँत, ५ लिटर पानी, १५ देखि २० किलो मसिनो गरी काटेको वनस्पती राख्ने र ड्रमको बिर्को बन्द गर्ने । यसरी राखेपछि गर्मी ठाँउमा २०-२२ दिन र जाडो ठाँउमा ३०-३५ दिनमा गितीमल तयार हुन्छ । मल तयार भैसकेपछि २ महिनासम्म राख्न सकिन्छ । तर यो भन्दा लामो समयसम्म भण्डारण गरी राखेमा गितीमल काम नलाग्ने हुन सक्छ ।

## प्रयोग

कलिलो बेर्ना भए १ भागमा १० भाग पानी मिसाई प्रयोग गरिन्छ भने हुर्केको बोटलाई १ भागमा ५ भाग पानी मिसाइ प्रयोग गरिन्छ । रोग कीरा नियन्त्रणको लागि ७ दिनको फरकमा बाली नटिपुन्जेल सम्म लगातार प्रयोग गर्न सकिन्छ भने मलको रुपमा १५-२० दिनको फरकमा छर्कने ।

## रातोकमिला र खुम्रेकीरा व्यवस्थापनका लागि जैविक बिषादि को प्रयोग

बिषादि बनाउन आवश्यक सामग्रीहरु- सुकेको खुर्सानीको धुलो २ मुठि, हजारी फुलको पात र मुन्टा ५०० ग्राम, लसुन २०० ग्राम, प्याज २०० ग्रा, पिना १ किलो, खरानी २ माना, ७ लीटर पानी र १० एम. एल. मट्टीतेल ।

## बिषादि बनाउने तरीका

खुर्सानीलाई पिंधेर धुलो बनाउने । सयपत्रिको पात र मुन्टा, प्याज, लसुन, पीना लाई छुट्टाछुट्टै पिंधेर एउटा भाँडामा राख्ने । खरानी र १० एम एल मट्टीतेल र ७ लीटर पानी त्यसै भाडामा मिसाउने । भाँडामा भएका सम्पूर्ण बस्तुहरु मिसाई घोलेर पातलो कपडाले छान्ने । अब जैविक बिषादि तयार भयो । १ भाग बिषादिमा १ भाग पानी मिसाई बिरुवाको फेदमा जरा भिज्नेगरी १० दिनको फरकमा २ पटक राख्ने ।

## लहरेबालीको फल कुहाउने औंसा नियन्त्रणको लागि बानस्पतिक बिषादि

**बिषादि बनाउन आवस्यक सामग्रीहरु-** आधाकिलो तितेपाती, आधाकिलो हजारी को पात र मुन्टा, २ किलो हात्तीबारको पात, १ किलो तम्बाखु (सुर्ती) को पात, आधा किलो सिस्नो, १०० ग्राम साबुन र ५ लीटर रस बनाउनको लागि आवश्यकता अनुसार पानी ।

**बनाउने तरीका-** तितेपाती र हात्तीबारलाई लाई सानासाना टुक्रा बनाई थिचेर रस निकाली भाँडामा राख्ने । सयपत्री को मुन्टा, सिस्नु र घोलेको साबुनलाई त्यहि भाँडामा मिसाउने । सुर्तीको पातलाई काटेर टुक्रा पारी आवश्यक मात्रामा पानी मिसाएर रस निकाल्ने । माथि तयार पारीएको सुर्ती, तितेपाती, हात्तीबारको रस र सयपत्री सबैलाई एउटा प्लाष्टिकको भाँडोमा राख्ने । राम्रोसंग बिर्को बन्द गरीएको भाँडामा बिषादि १५ दिनमा तयार हुन्छ ।

## प्रयोग बिधि र मात्रा-

तयारी बिषादिलाई १ भाग बिषादिमा २ भाग पानी मिसाई किराको प्रकोप बढि भएको बेलामा र १ भाग बिषादिमा ३ भाग पानी मिसाई कीराको प्रकोप कम भएको बेलामा प्रयोग गर्ने । फूल फुलेदेखि फलको कोपिला लाग्ने बेलासम्म यो बिषादिको प्रयोग गर्न सकिन्छ ।

## प्रभावकारीता-

यो बिषादिले लहरे बालीमा लाग्ने फल कुहाउने औंसालाई रोकथाम गर्छ । काउलीमा लाग्ने पातको थोप्ले रोगलाई समेत कम गर्न सहयोग पुऱ्याउछ । यो बिषादिलाई ३ हप्तासम्म भन्डारण गरेर राख्न सकिन्छ ।

## सिस्नुपानी-

५ किलो सिस्नुको मुन्टा टुक्रा टुक्रा पारेर थिचेर १० लीटर पानीमा १२-२० घण्टा सम्म डुबाई त्यसपछि त्यो सिस्नोपानी लाई छानेर बालीमा छर्कनाले टमाटर, सिमी, बोडी बन्दा काउलीमा लाग्ने लाही किराको नियन्त्रण हुन्छ ।





**रासायनिक विषादिले मित्र जीव र शत्रुजीव छुट्याउन जान्दैन तर वानस्पतिक विषादिले शत्रु जीव लाई मात्र मार्दछ र भगाउँछ**






नवौं कपिलवस्तु महोत्सवको अवसरमा संचालन गरिएको कृषि मेला प्रदर्शनी





५० प्रतिशत अनुदानमा टि.पि.एस. बियाबाट आलु बिऊ उत्पादन कार्यक्रम



व्यवसायिक कन्ये च्याउ खेती बाणगङ्गा-५




विषादी सचेतनाका लागि होडिङ्गबोर्ड कार्यक्रम

प्रेषक

बाणगंगा नगरपालिका
कृषि सेवा शाखा
गजेहडा, कपिलवस्तु

प्रापक

श्री.........................................................................

.........................................................................